हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौडा, मकवानपुर

## विवरण संकलक आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/११/२६

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद, बसाई सराई जस्ता व्यक्तिगत घटना शतप्रतिशत दर्ता गराउने उदेश्य रहेकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग मार्फत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना संचालन निर्देशिका, २०७४ (दोस्रो संशोधन २०७६) मा भएको व्यवस्था अनुसार यस हेटौडा उपमहानगरपालिका क्षेत्र भित्र घटना दर्ता शिविर संचालन गर्नु पर्ने भई कार्यक्रम समेत स्वीकृत भइ सकेको हुँदा यस कार्यालयको मिति २०७७/११/२३ को निर्णयानुसार तपसिलमा उल्लिखित पद तथा संख्यामा विवरण संकलक नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पद | आवश्यक संख्या | आवश्यक योग्यता तथा उमेर | परीक्षाको किसिम |
|---|---|---|---|---|
| १. | विवरण संकलक | ९ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सम्वन्धि आधारभूत ज्ञान भएको तथा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तर्वार्ता |

१) सेवाको किसिम : दैनिक ज्यालादारी

२) प्राथमिकता : सम्वन्धित स्थानीय तहका वासिन्दालाई प्राथमिकता।

३) अन्तर्वार्ता मिति : दरखास्त बुझाउने अन्तिम दिनको भोली पल्ट प्रकाशित गरिने।

४) सेवा शर्त र सुविधा : जिल्ला दररेट अनुसार सहायक पाचौ तहकोले पाउने दैनिक पारिश्रमिक

५) कार्य अवधी : दर्ता शिविर संचालन अवधीभर।

६) कार्य क्षेत्र : हेटौडा उपमहानगरपालिकामा दर्ता शिविर हुने स्थान।

७) कारबाही नहुने : रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

८) अन्तिम निर्णय : यस सूचना बमोजिम हुने पदपूर्ति सम्वन्धि अन्तिम निर्णय यस कार्यालयको हुनेछ।